# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ति

### (अभियोग पत्र दायर गरिएको )

मितिः २०८१/०९/०२

नेपाल धितोपत्र बोर्ड नियमन बिभाग, खुमलटार, ललितपुरबाट प्राप्त हुन आएको प्रतिवादी ज्ञानेन्द्र लाल प्रधान समेतका विरुद्धको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा यी प्रतिवादीले नाउँको नेपाल हाइड्रो डेभलपर्स लिमिटेड (NHDL) को शेयर आफु उक्त कम्पनीको अध्यक्ष रहदाकै अबस्थामा परिवारका सदस्यलाई अंशवण्डाको माध्यमबाट हक हस्तान्तरण गरी गराई भित्री सूचनामा रहेको पहुँचको दुरुपयोग गरी गराई सो आधार मुल्य कम भएको अबस्थामा छोरा र छोरीले खरीद गरी सो शेयर र प्रतिवादी ज्ञानेन्द्र लाल प्रधानबाट हक हस्तान्तरण भई आएको शेयर समेत मुल्य उच्च कायम रहेको अबस्थामा विक्री गरे गराएको देखिनुका साथै निजका परिवारका श्रीमति, छोरा र छोरीका नाउँबाट सो शेयर विक्री गरी प्राप्त गरेको रकम विभिन्न मितिमा ज्ञानेन्द्र लाल प्रधानकै खातामा जम्मा भएको देखिँदा उक्त शेयरको जालसाजीयुक्त कारोवारसँग सम्बन्धित रकमबाट अन्तिम लाभ प्राप्त गर्ने व्यक्ति (Ultimate beneficial) ज्ञानेन्द्रलाल प्रधान स्वयं नै रहेको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको र आफु अध्यक्ष रहेको कम्पनीको शेयर विभिन्न मितिमा अंशबण्डाको आवरणमा परिवारका मानिसलाई हस्तान्तरण गरी श्रीमति समेत छोराछोरीलाई प्रयोग गरी कारोवार गरेको देखिएबाट कसुरको तयारी लगायतका सबै कार्यहरु निज ज्ञानेन्द्रलाल प्रधानले नै गरेको तथ्य पुष्टि भई यी आरोपीले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्यहरु गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आएको देखिँदा प्रतिवादी ज्ञानेन्द्र लाल प्रधानलाई विगो रकम रु. २६,३९,७९,४६६।२ (छब्बिस करोड, उन्चालिस लाख, उनासी हजार चारसय छैसठ्ठी रुपैया पैसा वीस मात्र) वीगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३० को उपदफा (१) बमोजिम वीगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुनाका साथै कसुरबाट प्राप्त निःसर्ग गरेको सम्पत्ति समेत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३४ को उपदफा (२) बमोजिम जफत गरी पाउन मागदावी सहित मिति २०८१/८/२८ गतेका दिन श्री जिल्ला सरकारी वकील कार्यालय काठमाडौँले सम्मानित काठमाडौं जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरण मुद्दा दायर गरेको छ।

प्रवक्ता